# पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाबाट प्रकाशित

## स्थानीय राजपत्र

खण्डः१ संख्याः १६ मितिः२०८१/१२/१९

**भाग-२**

## भांगोजन्य पदार्थको संरक्षण र व्यवस्थापन ऐन, २०८१

कार्यपालिकामा प्रस्तुतमितिः२०८१/०९/२४

गाउँ सभाबाट स्विकृतमितिः२०८१/०९/२५

**प्रस्तावनाः**

पुथा उत्तरगंगा गाउँपालिका प्राकृतिक स्रोतसाधनले भरिपूर्ण र विविध सम्भावना बोकेको क्षेत्र हो। यस पालिकामा भांगो खेती र भांगोजन्य पदार्थहरूको उत्पादन, प्रयोग, र व्यवस्थापनमार्फत स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ। भांगोको फललाई अचार र खाने तेल बनाउन प्रयोग गरिन्छ भने यसको बोटको बोक्राबाट डोरी र ढागो उत्पादन गरी स्वीतर, बोरा, तथा अन्य कपडा बनाउने कार्यमा उपयोग गरिन्छ। यस्ता क्रियाकलापले विशेषगरी स्थानीय महिलाहरूलाई रोजगारी सिर्जना गर्न सहयोग पुर्याउनेछ।

यद्यपि, नेपालका संघीय कानुनअन्तर्गत गाँजा र चरेसलाई अवैध मानिएको छ। लागु औषध नियन्त्रण ऐन, २०३३ ले यसलाई लागुपदार्थको रूपमा वर्गीकृत गरे तापनि भांगोका विभिन्न भागमा औषधीय गुण रहेको र गाउँघरमा यसलाई जडीबुटीका रूपमा प्रयोग गरिएको पाइन्छ।

यस परिप्रेक्ष्यमा, **भांगोजन्य पदार्थ** (फल, तेल, र ढागो) को संरक्षण, उत्पादन, व्यवस्थापन, र बजारीकरणलाई व्यवस्थित गर्न तथा गाँजा र चरेसजस्ता पदार्थको उत्पादन र प्रयोगमा रोक लगाउन, यो ऐन निर्माण गरिएको छ।

यस ऐनले प्राकृतिक स्रोतको सदुपयोग गर्दै गाउँपालिकाको दिगो विकास, रोजगारीको सिर्जना, र सामाजिक-आर्थिक रूपान्तरणमा योगदान पुर्याउनेछ।

## परिच्छेद १:

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनलाई "भांगोजन्य पदार्थको संरक्षण र व्यवस्थापन ऐन, २०८१" भनिन्छ।

(२) यो ऐन गाउँपालिका सभाले पारित गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** (१) बिषय र प्रसंगले अर्को अर्थ लनागेमा यस ऐनमा,

(क) **"अध्यक्ष"** अध्यक्ष भन्नाले भांगोजन्य पदार्थ व्यवस्थापन समितिका प्रमुखलाई बुझाउँछ।

(ख) **"उत्पादनकर्ता"** उत्पादनकर्ता भन्नाले भांगोजन्य पदार्थ उत्पादन गर्ने व्यक्ति, समूह, वा संस्था बुझाउँछ।

**(ग)** **''गाउँपालिका"** गाउँपालिका भन्नाले पुथा उत्तरगंगा गाउँपालिकालाई बुझाउँछ।

(घ) **"ढागो"** ढागो भन्नाले भांगोको बोटबाट तयार गरिएको तन्तु वा रेशा, जसले औद्योगिक उत्पादनमा उपयोग गर्न सकिन्छ, बुझाउँछ।

**(ङ)** **"तेल"** तेल भन्नाले भांगोको बीजबाट निकालिएको तेल, जसको औद्योगिक, औषधीय वा अन्य विधिसम्मत प्रयोग गर्न सकिन्छ, बुझाउँछ।

(च) **"फल"** फल भन्नाले भांगो बोटमा उत्पादन हुने बीजलाई बुझाउँछ, जसलाई तेल निकाल्न वा अन्य वैधानिक कार्यमा उपयोग गर्न सकिन्छ।

पुथाउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

(छ) **''भांगोजन्य पदार्थ''** भांगोजन्य पदार्थ भन्नाले भांगो बोटको फल, तेल, ढागो, उत्पादनका लागि प्रयोग हुने भागलाई बुझाउँछ, तर यसले गांजा र चरेसलाई समेट्दैन।

(ज) **''व्यवस्थापन''** व्यवस्थापन भन्नाले भांगोजन्य पदार्थको उत्पादन, प्रशोधन, भण्डारण, र विक्री–वितरणको लागि अपनाइने व्यवस्थाका उपायलाई बुझाउँछ।

(झ) **''समिति''** समिति भन्नाले भांगोजन्य पदार्थ संरक्षण र व्यवस्थापनका लागि गाउँपालिकाले गठन गरेको समिति वा निकायलाई बुझाउँछ।

(ञ) **''संरक्षण''** संरक्षण भन्नाले भांगोजन्य पदार्थको प्राकृतिक रूपमा उत्पादन, सन्तुलन, र उपयोगका लागि वातावरणीय र वैज्ञानिक उपायहरू अपनाउने क्रियाकलापलाई बुझाउँछ।

(ट) **''संघीय कानून''** संघीय कानून भन्नाले नेपाल सरकारद्वारा समय–समयमा लागू गरिएका लागुऔषध सम्बन्धी कानूनहरूलाई बुझाउँछ।

३. उदेश्य: (१) यस ऐनको उदेश्य देहाय बमोजिम रहेको छ,

(क) भांगो बोटका विभिन्न भागको प्राकृतिक स्रोतको रूपमा संरक्षण गरी यसको उपयोगलाई दिगो बनाउने।

(ख) भांगोजन्य पदार्थ (फल, तेल, र ढागो) को उत्पादन, प्रशोधन, भण्डारण, र वितरणलाई वैधानिक, व्यवस्थित, र पारदर्शी बनाउने।

(ग) गाँजा र चरेसजस्ता अवैध पदार्थको उत्पादन, विक्री, र प्रयोगमा पूर्ण रोक लगाउँदै कानूनी व्यवस्था सुनिश्चित गर्ने।

(घ) भांगोजन्य पदार्थको उपयोगमार्फत स्थानीय उद्योग, व्यवसाय, र रोजगारी सिर्जना गर्दै स्थानिय अर्थतन्त्रलाई बलियो बनाउने ।

(ङ) भांगोजन्य पदार्थको प्रशोधन र उत्पादनमा स्थानीय महिलाहरूको सहभागिता वृद्धि गरी उनीहरूको आर्थिक सशक्तीकरण गर्ने।

पुथाउत्तरगङ्गा गाउँपालिका स्थानीय राजपत्र

(च) भांगोजन्य पदार्थका औद्योगिक र औषधीय गुणहरूको अधिकतम उपयोग गरी नयाँ उत्पादन विकास र अनुसन्धानलाई प्रोत्साहन गर्ने।

(छ) भांगोजन्य पदार्थको वैधानिक उत्पादन र बजारीकरणमार्फत स्थानीय राजस्व संकलन वृद्धि गरी सार्वजनिक सेवाहरूमा लगानी गर्ने।

(ज) भांगोजन्य पदार्थको गुणस्तर सुधार, वैज्ञानिक अध्ययन, र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने।

(झ) भांगो खेतीलाई जैविक, वातावरणमैत्री, र दिगो कृषि अभ्यासका रूपमा विकास गर्दै पर्यावरणीय सन्तुलन कायम राख्ने।

## परिच्छेद-३

## भांगोजन्य पदार्थको व्यवस्थापन

**४. भांगो खेतीको क्षेत्र निर्धारण:** (१) गाउँपालिका क्षेत्रभित्र भांगो खेतिको क्षेत्र निर्धारण गर्दा निम्न प्रक्रिया अवलम्वन गरिनेछ ।

(क) गाउँपालिका क्षेत्रभित्र कार्यपालिकाद्वारा अनुमोदन गरी भांगो खेतीका लागि क्षेत्रको पहिचान गरिनेछ।

(ख) क्षेत्र निर्धारण गर्दा निम्न तत्वहरूको विश्लेषण गर्नुपर्नेछः

- माटोको संरचना
- जलवायु
- पानीको स्रोत
- अन्य प्राकृतिक स्रोतहरू

(ग) खेतिको लागि क्षेत्र निर्धारण गर्दा अनिवार्य रूपमा कृषि विज्ञ, पर्यावरणविद्हरूको राय र स्थानीय समुदायका सदस्यहरूको उपस्थितिमा निर्णय गरिनेछ।

(घ) शिक्षा, स्वास्थ्य र वातावरणीय प्रभावहरूको मूल्यांकन गरी कुनै पनि प्रतिकूल असर नगर्ने गरी क्षेत्र निर्धारण गरिनेछ।

(ङ) निर्धारित क्षेत्र बाहेक अन्य स्थानमा व्यवसायिक रूपमा भांगो खेती गर्न अनुमति दिइने छैन। तर, घरायसी औषधीय प्रयोजनका लागि वडा कार्यालयबाट अनुमति लिई व्यक्तिगत जमिनमा अधिकतम २५ बोटसम्म लगाउन सकिनेछ।

(२) खेतियोग्य क्षेत्रको निर्धारण गर्दा सम्बन्धित समितिको सिफारिसमा गाउँपालिकाको कार्यपालिकाद्वारा अनुमोदन गर्नुपर्नेछ।।
(३) निर्धारीत क्षेत्र वाहेक अन्य स्थानमा भांगोको खेति गरेमा गाउँपालिकाले जरिवाना लगाउनेछ ।

**६. खेतीको अनुमतिपत्र**: (१) भांगो खेती गर्नका लागि किसान वा समुह वा संस्थाले गाउँपालिकाबाट अनुमतिपत्र अनिवार्य लिनु पर्नेछ ।
(२) अनुमतिपत्रको अवधि एक वर्षको हुनेछ र आर्थिक वर्षको अन्त्यमा नविकरण गर्नुपर्नेछ ।
(३) नविकरण शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
(४) कुनै व्यक्ति वा समूहले गाउँपालिकाबाट अनुमतिपत्र प्राप्त नगरी भांगो खेती गरेमा गाउँपालिका कानूनअनुसार जरिवाना वा अन्य कारवाही अघि बढाउनेछ।

**७. भांगो प्रशोधन र औद्योगिक प्रयोग:** (१)भांगोको ढागोबाट लत्ताकपडा, पात र फलबाट औषधि, र अन्य उत्पादनको प्रवर्द्धनको गाउँपालिकाले आवश्यक कार्ययोजना बनाउनु पर्नेछ।
(२) उत्पादन तथा प्रशोधन उद्योग स्थापनामा लागि गाउँपालिकाले आवश्यक मापदण्ड र निर्देशिका जारी गर्नुपर्नेछ ।
(३) उद्योग स्थापना गर्न चाहने व्यक्ति वा समुहले गाउँपालिकाको मापदण्ड र निर्देशिकाको पालना गर्नुपर्नेछ ।
(४) उद्योग स्थापना गर्न चाहनेले गाउँपालिकाले तोकेको शर्त पुरा गरी गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

**८. बजार व्यवस्थापन र वितरण प्रणाली:** (१) किसान र उत्पादकलाई उचित बजार मूल्य सुनिश्चित गर्न सहकारी र व्यावसायिक नेटवर्क स्थापना गर्नको लागि गाउँपालिकाले सहजिकरण गर्नुपर्नेछ।
(२) भांगोजन्य पदार्थको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गरी वजारीकरणको लागि गाउँपालिकाले आवश्यक पहल गर्नुपर्नेछ ।

पुथाउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

(३) भांगोजन्य पदार्थको उचित मुल्य निर्धारणको लागि गाउँपालिकाले आवश्यक मापदण्ड तयार गर्नुपर्नेछ।

**९. निर्यात व्यवस्थापन:** (१) भांगो वा भांगोजन्य पदार्थ निर्यातका लागि स्पष्ट गाउँपालिकाले आवश्यकल नीति बनाई सहजिकरण गर्नुपर्नेछ।
(२) भांगोजन्य पदार्थको निर्यातमा गाउँपालिकाले तोके बमोजिम दस्तुर लिनुपर्नेछ।

**१०. भांगोजन्य पदार्थको विशेष प्रयोग: (१)** औषधि निर्माण, जैविक उत्पादन, र अन्य वैज्ञानिक प्रयोजनका लागि अध्ययन र अन्वेषण गर्ने उद्देश्यले गाउँपालिकाले अनुसन्धान केन्द्र स्थापना गर्नुपर्नेछ।

(क) अनुसन्धान केन्द्रले भांगोको औषधीय, जैविक, र वैज्ञानिक सम्भावनाको खोजी गर्नेछ।

(ख) परम्परागत ज्ञानको संरक्षण र आधुनिक प्रविधिको प्रयोगमार्फत नवीन उत्पाद विकासलाई प्रवर्द्धन गर्ने कार्य गर्नेछ।

(ग) केन्द्र सञ्चालनका लागि विशेषज्ञहरूको टोली गठन गरिनेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरिनेछ।

## परिच्छेद-२

## संरचना र कार्यान्वयन

११. **समिति गठन:** (१) भांगोजन्य पदार्थको संरक्षण, व्यवस्थापन, र निगरानी गर्न गाउँपालिकाले "भांगोजन्य पदार्थ संरक्षण तथा व्यवस्थापन समिति" गठन गर्नेछ।
(२) समितिमा स्थानीय जनप्रतिनिधि, प्राविधिक विज्ञ, किसान, उद्यमी, र सम्बन्धित क्षेत्रका सरोकारवालाहरूको समावेशी सहभागिता हुनेछ।
१२. **समितिको संरचना:** (१) "भांगोजन्य पदार्थ संरक्षण तथा व्यवस्थापन समिति" मा निम्नानुसारका संयोजक र सदस्यहरू रहनेछन्:
(क) संयोजकः

- गाउँपालिकाका अध्यक्ष (वा तोकिएको जनप्रतिनिधि)

  सदस्यहरु

पृथ्वीनारायणगाउँपालिका स्थानीय राजपत्र

१. गाउपालिका उपाध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत

३.आर्थिक विकास समिति संयोजक

४. सामाजिक विकास समिति संयोजक

५. वडा अध्यक्ष (भांगो खेतीको क्षेत्र समेटिएको वडाहरूका प्रतिनिधि)

६. कार्यपालिका सदस्य

७. वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ

८. स्वास्थ्य शाखा प्रमुख

९. वन तथा वातावरण शाखा प्रमुख

१०. राजश्व शाखा प्रमुख

१२. स्थानीय समुदायका २ जना प्रतिनिधि (महिला र पुरुष अनिवार्य)

१३. कानूनी परामर्शदाताका रूपमा नियुक्त व्यक्ति

१४. अन्य प्राविधिक विज्ञ (आवश्यकताअनुसार नियुक्त गरिने)

(ग) सदस्य सचिवःकृषि शाखा प्रमुख

(२) समितिको बैठक प्रत्येक अर्धवार्षिक रूपमा सञ्चालन गरिनेछ।

(३) समितिले भांगोजन्य पदार्थको संरक्षण, व्यवस्थापन, र नियमनका लागि कार्य योजना तयार गर्नेछ।

(४) निर्णय प्रक्रिया पारदर्शी र सहभागीमूलक हुने व्यवस्था गरिनेछ।

१३. **समितिको जिम्वारी :** (१) समितिको जिम्मेवारी देहाय बमोजिम रहने छ,

(क) भांगोजन्य पदार्थको उत्पादन, प्रशोधन, र वितरणको विस्तृत योजना निर्माण गर्नु।

(ख) संरक्षण र व्यवस्थापनका लागि दिगो रणनीति तय गर्नु।

(ग) उत्पादन प्रक्रियामा अपनाइएका वैज्ञानिक विधिहरूको अनुगमन गर्नु।

(घ) योजनाको प्रभावकारिताको मूल्यांकन गरी प्रतिवेदन तयार गर्नु।

(ङ) स्थानीय उत्पादनकर्ता र सरोकारवालालाई आवश्यक परामर्श र तालिम उपलब्ध गराउनु।

पृथ्वीउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

(च) भांगोजन्य पदार्थको वैधानिक उपयोगबारे स्थानीय जनतालाई जागरूक गराउनु।

(ज) संघीय र प्रदेश सरकारसँग समन्वय गरी वैधानिक र नीति सम्बन्धी सहजीकरण गर्नु।

(झ) उत्पादन र वितरणमा देखिएका अवरोधलाई सम्बोधन गर्न आवश्यक कदम चाल्नु।

(ञ) भांगोजन्य पदार्थको गुणस्तर वृद्धि गर्न अनुसंधानको प्रवर्द्धन गर्नु।

(ट) नवप्रवर्तनका लागि राष्ट्रिय विशेषज्ञहरूसँग समन्वय गर्नु।

(ठ) उत्पादन, प्रशोधन, विक्रि वितरणको कार्यको नियमित अनुगमण गर्नु ।

(२) समितिले आफ्नो जिम्मेवारी पूरा गर्दा संघीय र प्रदेश कानूनको समेत पालना गर्नुपर्नेछ।

(३) समितिले आफ्नो जिम्मेवारीको नियमित समीक्षा गरी कार्यान्वयनको प्रगति प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ।

## परिच्छेद-३

## कार्यान्वयन प्रक्रिया

१४. **अनुमति पत्र प्रणाली:** (१)गाउँपालिकाभित्र भांगोजन्य पदार्थको उत्पादन, प्रशोधन, र विक्रि वितरणलाई व्यवस्थित गर्न अनुमति पत्र प्रणाली लागू गरिनेछ । प्रणालीका प्रमुख प्रावधानहरू निम्नानुसार रहनेछन्:

(क) आवेदकले तोकिएको नमुनामा गाउँपालिकामा आवेदन पेश गर्नुपर्नेछ ।

(ख) आवेदनमा निम्न विवरण समावेश हुनुपर्नेछ:

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- आवेदकको २ प्रति पासपोर्ट साइजको फोटो
- क्षेत्रको लालपूर्जाको फोटोकपी
- भूमि कर तिरेको रसिद
- उत्पादन, प्रशोधन, वा वितरण गर्ने उद्देश्यको विवरण

पृथ्वीउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

- प्रस्तावित क्षेत्र, मात्रा, र विधिको विवरण
- आवश्यक पर्ने उपकरण र स्रोतहरूको विवरण

१५. **वितरण र विक्री नियन्त्रण:** (१) उत्पादन गरिएका भांगोजन्य पदार्थको वितरण स्थानीय बजारमा मात्र गरिनेछ।

(२) गाँजा र चरेस उत्पादन र विक्रीमा पूर्ण प्रतिबन्ध लगाइनेछ ।

(३) भांगोजन्य पदार्थका विक्री वितरणको लागि गाउँपालिकाले उपयुक्त वजार व्यवस्थापन गर्नुपर्नेछ।

(४) भांगोजन्य पदार्थको विक्री वितरणमा गाउँपालिकाको मापदण्ड पालना गर्नुपर्नेछ ।

(५) गाउँपालिकाको मापदण्ड पालना नगरेमा गाउँपालिकाले जरिवाना लगाउन सक्नेछ।

१६. **अनुगमन र मूल्यांकन प्रक्रिया**: (१) भांगोजन्य पदार्थको उत्पादन, प्रशोधन, र वितरण कार्यको नियमित अनुगमन गरिनेछ।

(२) गाउँपालिकाले अनुगमनका लागि प्राविधिक टोली गठन गर्न सक्नेछ ।

(३) उत्पादन र वितरण कार्यको प्रभावकारिता मूल्यांकन गरी प्रत्येक अर्धवार्षिक रूपमा प्रतिवेदन तयार गरिनेछ।

(४) प्रतिवेदनमा भएका सिफारिसका आधारमा नीतिगत वा कार्यान्वयन सम्बन्धी सुधार गरिनेछ।

१७. स्थानीय समुदायको संलग्नता: (१) भांगोजन्य पदार्थको संरक्षण, उत्पादन, र व्यवस्थापनमा स्थानीय समुदायको सक्रिय संलग्नता सुनिश्चित गरिनेछ।

(२) जागरूकता कार्यक्रम र तालिममार्फत स्थानीयलाई जिम्मेवारी र अधिकारबारे जानकारी दिइनेछ।

(३) महिलाहरूको आर्थिक सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद -४

## अवैध पदार्थ नियन्त्रण

**१८. अवैध पदार्थको रोकथाम:** (१) अनुमति बिना उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी, विक्री, वा निर्यात गरिएका भांगोजन्य पदार्थहरूलाई पनि अवैध मानिनेछ।

(२) गाँजा र चरेस उत्पादन, बिक्री, तथा ओसारपसारमा पूर्ण रोक लगाइनेछ।

(३) अवैध पदार्थको पहिचानका लागि स्थानीय समुदाय र सरोकारवालासँग सहकार्य गरिनेछ।

(४) यस्तो गतिविधिमा संलग्न पाइएको खण्डमा कानून बमोजिम कारवाही हुनेछ ।

१९. कारबाही प्रक्रिया: (१) अवैध पदार्थ नियन्त्रणका लागि विशेष अनुगमन समिति गठन गरिनेछ।

(२) अवैध उत्पादन वा वितरणको जानकारी पाउनासाथ सम्बन्धित समितिले तत्काल छानबिन गर्नेछ।

(३) दोषी पाइएमा निम्न कारबाही गरिनेछः

• पहिलो पटक चेतावनीसहित जरिवाना।

• दोहोरिएको अवस्थामा उत्पादन र प्रशोधनसम्बन्धी अनुमति रद्द।

• आवश्यक परेको अवस्थामा कानुनी प्रक्रिया अनुसार दण्ड वा सजाय।

(४) सुरक्षाकर्मी, प्राविधिक कर्मचारी, र स्थानीय प्रतिनिधिको सहभागितामा नियमित अनुगमन गरिनेछ।

२३. जनचेतना र सहयोग कार्यक्रम: (१) अवैध पदार्थको प्रयोग र प्रभावबारे जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

(२) विद्यालय, समुदाय, र विभिन्न संघ-संस्थाहरूको सहभागितामा सचेतना अभियान सञ्चालन गरिनेछ।

(३) भांगोजन्य पदार्थको दुरुपयोग रोक्न सामुदायिक निगरानी समूहहरू गठन गरिनेछ।

**२४:दण्ड तथा जरिवानाको प्रावधान .** (१)यस कार्यविधिको उल्लङ्घन गर्ने व्यक्तिहरूलाई निम्नानुसार दण्ड र जरिवाना गरिनेछः

क) **पहिलोपटक उल्लङ्घन गर्दा:**

- सामान्य प्रकारको उल्लङ्घनमा रू .५,००० देखि रू .१०,००० सम्म जरिवाना।
- गम्भीर प्रकृतिको उल्लङ्घनमा रू .१०,००० देखि रू .२५,००० सम्म जरिवाना।

ख) **दोश्रोपटक उल्लङ्घन गर्दा:**

- रू .२५,००० देखि रू .५०,००० सम्म जरिवाना।

ग) **तेश्रोपटक वा सो भन्दा बढी उल्लङ्घन गर्दा:**

- अनुमति रद्द गर्नुका साथै रू१ .,००,००० जरिवाना ।

(२) अवैध रूपमा उत्पादन, प्रशोधन, वा भण्डारण गरिएका भांगोजन्य पदार्थहरू गाउँपालिकाले तुरुन्तै जफत गर्नेछ।
(३) यदि कुनै व्यक्ति वा संस्था यस ऐनको विपरीत कार्यमा संलग्न भएको पाइएमा उसको व्यवसाय अनुमति तुरुन्तै रद्द गरिनेछ।
(४) अनुमति रद्द गरिसकेपछि सो व्यक्तिलाई पुनः अनुमति दिन कम्तीमा ५ वर्षको प्रतिबन्ध लगाइनेछ।

(५) दण्ड तथा जरिवानासम्बन्धी कुनै विवाद उत्पन्न भएमा स्थानीय न्यायिक समिति वा सरोकारवाला निकायसँग परामर्श गरी कानुनी प्रक्रिया अघि बढाइनेछ।

(६) दोषी ठहरिएका व्यक्तिले जरिवाना वा दण्ड स्वीकार नगरेमा, नेपाल सरकारको प्रचलित कानूनअनुसार मुद्दा दायर गरिनेछ।

(७) यदि कुनै व्यक्ति स्वेच्छाले अवैध गतिविधि परित्याग गरी गाउँपालिकालाई सहयोग गर्छ भने, उसको दण्ड घटाउने वा पूर्णतः माफी दिने निर्णय लिन सकिनेछ।

(८) माफी वा छुट दिनु अघि सम्बन्धित व्यक्तिको गतिविधि र प्रमाणको आधारमा छानबिन गरिनेछ।

(९) दण्डित व्यक्तिलाई समुदायमा पुनःस्थापना गर्नका लागि तालिम, परामर्श, र वैकल्पिक रोजगारीका अवसरहरू प्रदान गरिनेछ।

(१०) दण्डित व्यक्तिलाई अपराध दोहोऱ्याउनबाट रोक्न मनोसामाजिक परामर्श तथा सहायक कार्यक्रमहरूको व्यवस्था गरिनेछ।

## परिच्छेद-५

## आर्थिक स्रोतको व्यवस्थापन

**२५. आर्थिक स्रोतको पहिचान:** (१) भांगोजन्य पदार्थको उत्पादन, प्रशोधन, र वितरण व्यवस्थापनका लागि आवश्यक आर्थिक स्रोत निम्न माध्यमबाट परिचालन गरिनेछः

- गाउँपालिकाको नियमित बजेटबाट निश्चित हिस्सा छुट्याइनेछ।
- सहकारी संस्थाहरू र निजी क्षेत्रका लगानीकर्ताहरूसँग साझेदारी गर्दै आर्थिक स्रोत जुटाइनेछ।
- संघीय तथा प्रदेश सरकार, विकास साझेदार, र गैरसरकारी संस्थाहरूबाट आवश्यक अनुदान र प्राविधिक सहयोग लिने।

(२) भांगोजन्य पदार्थ व्यवस्थापन कोष स्थापना गरी संकलित रकमको पारदर्शी व्यवस्थापन गरिनेछ।

(३) कोषमा निम्न स्रोतबाट रकम जम्मा गरिनेछः

- स्थानीय कर, शुल्क, र इजाजतपत्र शुल्क।
- जरिवाना तथा दण्डबाट संकलित रकम।
- संघीय तथा प्रदेश सरकारका विशेष कार्यक्रममार्फत प्राप्त अनुदान।
- भांगोजन्य पदार्थबाट उत्पादित वस्तुहरूको बिक्रीबाट प्राप्त मुनाफा।

(४) संकलित रकमलाई निम्न प्राथमिकतामा खर्च गरिनेछः

- समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम।
- वैकल्पिक रोजगारी सिर्जना गर्ने तालिम र उद्यमशीलता कार्यक्रम।
- अवैध क्रियाकलाप नियन्त्रणका लागि अनुगमन तथा निरीक्षण टोलीको व्यवस्थापन।
- अनुसन्धान र विकास का लागि प्रोत्साहन।
- दण्डित व्यक्तिहरूका लागि पुनःस्थापना कार्यक्रम।
- वातावरणीय संरक्षण र जैविक विविधता व्यवस्थापनका कार्यक्रम।

(५) भांगोजन्य पदार्थको व्यवस्थित उत्पादन र व्यापारबाट प्राप्त राजस्व गाउँपालिकाको समग्र विकासका कार्यक्रमहरूमा खर्च गरिनेछ।
(६) राजस्वबाट संकलित रकममध्ये ५०% समुदाय विकासका कार्यक्रमहरूमा र बाँकी ५०% अन्य प्रशासनिक र प्राविधिक क्रियाकलापमा उपयोग गरिनेछ।

(७) सहकारी तथा बैंकहरूसँग सहकार्य गर्दै स्थानीय उद्यमीहरूलाई भांगोजन्य पदार्थको उत्पादन र प्रशोधनका लागि न्यून व्याजदरमा ऋण उपलब्ध गराइनेछ।
(८) प्रोत्साहनका लागि उत्पादक र प्रशोधनकर्ताहरूसँग विशेष साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

पुथाउत्तरगङ्गा गाउँपालिका स्थानीय राजपत्र

**२६. अनुमति पत्र शुल्क:** (१) भांगजन्य पदार्थ उत्पादन, प्रशोधन, वितरण, र बिक्रीका लागि आवश्यक अनुमति पत्रको शुल्क निम्न आधारमा निर्धारण गरिनेछः

- उत्पादनको परिमाण।
- प्रशोधन उद्योगको क्षमता।
- वितरण र बिक्रीको क्षेत्र।
- व्यवसायको आकार र प्रकार।
- वातावरणीय प्रभावको आकलन।

(२) अनुमति पत्रका लागि तोकिएको शुल्क यस प्रकार हुनेछः

क)उत्पादन अनुमति पत्र:

- व्यक्तिगत स्तर :रु. १,००० प्रति वर्ष।
- व्यावसायिक स्तर :रु. ५,००० प्रति वर्ष।

ख) प्रशोधन अनुमति पत्र:

- साना उद्योग :रु. ७,००० प्रति वर्ष।
- ठूला उद्योग :रु. १५,००० प्रति वर्ष।

ग) वितरण अनुमति पत्र:

- स्थानीय स्तर :रु. २,००० प्रति वर्ष।
- अन्तर :जिल्ला स्तर-रु. ५,००० प्रति वर्ष।

पुथाउत्तरगाङ्गा गाउँपालिका स्थानीय राजपत्र

(३)  अनुमति पत्र वार्षिक रूपमा नविकरण गर्नुपर्नेछ।
(४) नविकरण शुल्क मूल अनुमति शुल्कको ५०% हुनेछ।
(५) नविकरण समयसीमाभन्दा पछाडि गरेमा थप २५% जरिवाना शुल्क लाग्नेछ।

(६) निम्न अवस्थाहरूमा अनुमति पत्र शुल्कमा छुट वा सहुलियत प्रदान गरिनेछः

- महिला, दलित, अपाङ्गता भएका व्यक्ति, र पिछडिएका समुदायका व्यवसायीहरूलाई २५छुट। %
- वातावरणमैत्री र जैविक विधिबाट उत्पादन गर्नेलाई १५छुट। %
- सहकारी संस्थाहरूलाई सामूहिक रूपमा आवेदन गरेमा २०छुट। %

(७) अनुमति पत्र शुल्क नतिर्ने व्यक्तिहरूलाई १५ दिनभित्र शुल्क तिर्नका लागि सूचना जारी गरिनेछ।
(८) तोकिएको समयमा शुल्क नतिरेमा कानूनी कारबाहीसहित व्यवसाय बन्द गराइनेछ।

(९) अनुमतिपत्र र नविकरण शुल्क हरेक वर्ष आर्थिक ऐनमा तोकेबमोजिम हुनेछ।

२७. **प्रोत्साहन कार्यक्रमहरू:** (१) भांगोजन्य पदार्थको वैध उत्पादन र प्रशोधनलाई प्रोत्साहन दिन न्यून व्याजदरमा कर्जाको व्यवस्था गरिनेछ।
(२) उत्पादन र प्रशोधनका लागि आवश्यक उपकरण खरिदमा अनुदानको व्यवस्था गरिनेछ।
(३) वैध व्यापारद्वारा उत्कृष्ट प्रदर्शन गर्ने व्यवसायलाई पुरस्कार तथा सम्मान प्रदान गरिनेछ।

(४) कृषकहरू, उत्पादकहरू, र व्यवसायीहरूलाई भांगोजन्य पदार्थको उत्पादन, प्रशोधन, र बजार व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ।

(५) उत्पादकहरूलाई उत्पादनको ब्रान्डिङ, प्याकेजिङ, र मार्केटिङमा सहयोग गरिनेछ।

(६) स्थानीय स्तरमा भांगजन्य पदार्थका आधारमा रोजगारी सिर्जना गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२८. **सार्वजनिक निजी साझेदारी:**(१) भांगोजन्य पदार्थको उत्पादन, प्रशोधन, र वितरणका लागि स्थानीय समुदाय, निजी क्षेत्र, र सरकारी निकायबीच साझेदारीको व्यवस्था गरिनेछ।

(२) सार्वजनिक निजी साझेदारी मोडल अन्तर्गत विशेष परियोजनाहरू सञ्चालन गर्न नीतिगत मार्गदर्शन प्रदान गरिनेछ।

(३) साझेदारी परियोजनाको आर्थिक व्यवस्थापन र प्रगति नियमित अनुगमन गरिनेछ।

## परिच्छेद ६

## अनुसन्धान र नवप्रवर्तन

२९. **अनुसन्धानको केन्द्रको स्थापना:** (१)भागोजन्य पदार्थको उत्पादन, प्रशोधन, औषधीय गुण, र औद्योगिक प्रयोगसम्बन्धी अनुसन्धानको अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।

(२) अनुसन्धान केन्द्रमार्फत स्थानीय तथा राष्ट्रिय स्तरका अनुसन्धानकर्ता, शैक्षिक संस्था, र औद्योगिक प्रयोगशालाहरूलाई आर्थिक सहयोग प्रदान गरिनेछ।

(३) अनुसन्धान केन्द्रको क्षेत्र देहायबमोजिम रहनेछ ।

(क)भांगोजन्य पदार्थको औषधीय प्रयोग र मानव स्वास्थ्यमा पर्ने प्रभावहरूको अध्ययन।

(ख) जैविक उत्पादन प्रविधि र वातावरणमैत्री प्रशोधन प्रक्रियाको विकास।

(ग) उच्च मूल्यका औद्योगिक उत्पादनहरू, जस्तै कपडा, कागज, निर्माण सामग्री, र जैविक इन्धनको सम्भाव्यता अध्ययन।

(घ) भांगोजन्य पदार्थको राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा माग र आपूर्ति अध्ययन।

(ङ) स्थानीय जात र प्रजातिको संरक्षण तथा सुधार।

(४) अनुसन्धानको स्तर वृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयहरू, अनुसन्धान संस्थानहरू, र उद्योगहरूसँग सहकार्य गरिनेछ।:

(५) भांगजन्य पदार्थको नयाँ प्रविधि र उत्पादन विकासमा योगदान पुर्याउने अनुसन्धानकर्ताहरूलाई **अनुसन्धान पुरस्कार** प्रदान गरिनेछ।

(६) भांगोजन्य पदार्थको दीर्घकालीन अध्ययनका लागि पाँच वर्षे अनुसन्धान योजना निर्माण गरिनेछ।

(७) योजना अनुसार क्रमिक रूपमा अनुसन्धान परियोजनाहरू सञ्चालन गरिनेछ।

(८) योजना कार्यान्वयनका लागि वार्षिक बजेट विनियोजन गरिनेछ।

३०. **प्राविधिक शिक्षा र तालिम:**(१) भांगोजन्य पदार्थ सम्बन्धी वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका लागि दक्ष जनशक्ति तयार गर्न प्राविधिक शिक्षा तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

(२) स्थानीय युवालाई उत्पादन, प्रशोधन, र अनुसन्धानका लागि आवश्यक सीप प्रदान गरिनेछ।

(३) तालिम केन्द्रहरूमा आधुनिक प्रविधि र अन्तर्राष्ट्रिय अभ्याससम्बन्धी जानकारी समावेश गरिनेछ।

३१. **अनुसन्धान नीतिहरूको पुनरावलोकन:**(१) अनुसन्धानसम्बन्धी नीतिहरू प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिनेछ।

(२) पुनरावलोकनका क्रममा सरोकारवालाहरूको सुझाव तथा सिफारिसलाई प्राथमिकता दिइनेछ।

(३) नीतिगत सुधारका लागि अनुसन्धान प्रतिवेदनहरूको अध्ययन र विश्लेषण गरिनेछ।

## परिच्छेद-७

## विविध

पृथ्वीउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

३२. **नियमावली निर्माण**: (१)यो ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली निर्माण गर्ने अधिकार गाउँपालिकालाई हुनेछ।

३३. **विवाद समाधान**: (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा उत्पन्न हुने कुनैपनि विवादको समाधानका लागि कार्यपालिकाले निर्णय गर्नेछ ।

(२) विवाद समाधान प्रक्रिया पारदर्शी, निष्पक्ष, र तटस्थ हुनेछ जसमा सबै पक्षलाई समान अवसर र अधिकार प्रदान गरिनेछ।

३४. **संशोधन वा खारेजी**: (१) यो ऐनमा भएको कुनै पनि दफा वा प्रावधानमा कुनै परिवर्तन, सुधार वा थप गर्नु परेमा, गाउँसभाले आवश्यक प्रक्रिया अपनाएर संशोधन गर्न सक्नेछ।

(२) यस ऐनमा भएका कुनै प्रावधान संघीय र प्रदेश कानूनसँग बाझिएको अवस्थामा, ती प्रावधानहरू अवैध र अमान्य ठहरिनेछन्।

पुथाउत्तरगङ्गा गाउँपालिका स्थानीय राजपत्र